
NON-RESIDENT NEPALI ASSOCIATION
NATIONAL COORDINATION COUNCIL, USA

# नेपाली पाठशाला पाठ्यक्रमको प्रारूप

## Curriculum Guideline



NRNA
NCC-USA
Non-Resident Nepali Association

## नैतिक ज्ञान दर्शन

## नेपाली भाषा

### आधारभूत तह




प्रवासमा रहेका बालबालिकाहरूलाई नेपाली भाषा तथा नेपाली नैतिक मूल्य र मान्यतामा आधारित ज्ञान-सीप विकास गराउनु आफैमा एक चुनौतीपूर्ण कार्य हो । एनआरएनए, अमेरिकाले ढिलै भए पनि नेपालीमूलका बालबालिकाहरूको भाषागत सिकाई र नेपाली नैतिक शिक्षा प्रशिक्षणका लागि पाठ्यक्रमको ढाँचा विकास गर्न पाउँदा हामी ज्यादै खुशी भएकाछौ । प्रवासमा नेपाली भाषा र नेपाली नैतिक शिक्षा सिकाउन हामीसंग श्रोत र सामग्रीको अभाव रहेको परिवेशमा एनआरएनए अमेरिका, नेपाली पाठशाला समितिले तयार गरेको यस पाठ्यक्रमको ढाँचाले थोरै भए पनि प्रवासमा संचालित पाठशालाहरु संचालन र ब्यबस्थापन गर्नमा सहयोग गर्ने विश्वास लिएका छौ । यस कार्यमा सहयोग गर्ने पाठशाला समितिका पदाधिकारीहरु लगायत अन्य महानुभावहरुलाई धन्यवाद दिदै आगामी दिनहरुमा थप परिमार्जनका र सुधारका लागि सुझावको लागि अनुरोध गर्दछु ।

सुनिल शाह
अध्यक्ष

# हाम्रो अनुरोध

एनआरएनए, अमेरिकाले प्रवासमा हुर्किरहेका नेपालीमूलका बालबालिकाहरूको भाषागत सीप विकासका साथै नेपाली कला, संस्कृति, एवम् नेपाली नैतिक ज्ञान-दर्शनको विकासकालागि पाठ्यक्रमको ढाँचा विकास गरी तपाईंहरु सामु ल्याउन पाउँदा हामी ज्यादै खुसी भएकाछौं । प्रवासमा हुर्कि रहेका बालबालिकाहरुलाई नेपाली भाषा र नेपाली नैतिक ज्ञानसंग सम्बन्धित आधारभूत तह र मध्यम तहका विषयबस्तुहरुलाई कसरी संगठित गरेर सिकाउन सकिन्छ भन्ने खाकाको रुपमा यस पाठ्यक्रम ढाँचाले अवस्य पनि सहयोग गर्ने छ भन्ने हामीले ठानेकाछौ ।

एकतिस हप्तासम्म प्रति हप्ता एक दिनका दरले प्रशिक्षण गर्नका लागि तयार गरिएको यस ढाँचाले अध्यापन गराउँदा के कस्ता बिषयबस्तुहरु छनौट गर्ने, कसरी सिकाउने र दैनिक कुन किसिमले सिकाउँदा हाम्रा पाठशालाहरुलाई सिकाई केन्द्रको रुपमा बिकास गर्न सकिन्छ भन्ने किसिमबाट यो खाका प्रस्तुत गरिएको छ । यो आफैंमा परिक्षणको क्रममा रहेको मार्गनिर्देशन गर्ने खाका मात्र हो, जसलाई तपाईंहरुले आफ्नो संकृति, धर्म, परम्परा अनुसार बिषयबस्तु छनौट गरि परिवर्तन गर्न सक्नु हुनेछ । अन्त्यमा यस पाठ्यक्रमको ढाँचाको तयारीको क्रममा सहयोग गर्नु हुने पाठशाला समितिका पदाधिकारीहरू लगायत अन्य बिज्ञ महानुभावहरुलाई धन्यवाद दिदै आगामी दिनहरुमा थप परिमार्जन र सुधारका लागि सबैको सहयोग र सुझावको लागि अनुरोध गर्दछौ ।

**सन्तोस विष्ट** — **(चियर)**

**भोज बलायर** — **(को-चियर)**

**एवम्**

**एनआरएनए, अमेरीका**

**नेपाली पाठशाला, समिति, २०२१**

## एनआरएनए, अमेरिका

## नेपाली पाठशाला, समिति

# नैतिक-ज्ञान-दर्शन

## आधारभूत तहको पाठ्यक्रम ढाँचा (६ देखि १४ वर्ष )

नैतिक शिक्षाले बालबालिकाहरूको चरित्र निर्माणका लागि जगको रुपमा काम गर्छ । जसबाट भविष्यका कर्णाधारहरूको सुन्दर सपनाको ढोका खोल्न सहयोग पुग्ने गर्दछ । आदर्शवान् गुणहरू एवंम समाजका राम्रा संस्कारगत मूल्य र मान्यताहरूको जगमा उभिएर नै बालबालिकाहरूको व्यवहारमा सकारात्मक परिवर्तन सम्भव छ । बालबालिकाहरूको आचरण वृध्दि गराउन नैतिक शिक्षाले सहजीकरणको भूमिका निर्वाह गरेता पनि घर-परिवार, समाजको सेरोफेरो एवंम पाठशालाको वातावरणले पार्ने प्रभावको हात पनि त्यतिकै रहेको हुन्छ । यसका लागि पूर्वीय दर्शन अनुशासन सिकाउने संस्कृतिको जग पनि हो ।

परिवर्तित विश्व परिवेशमा भौतिक सुविधाको विकाससंगै हाम्रा हिजोका मूल्य र मान्यताहरु हराएर जाने क्रममा छन् । यसैको प्रभाव स्वरुप हामीमा विकसित हुन गइरहेको एकलकाँटे भावना र ईलेक्ट्रोफोबिया जस्ता कुलतले सबैमा नकारात्मक असर पारिरहेको छ । यसलाई हटाउने उपाय पूर्वीय दर्शनको शिक्षामा छ ।

पश्चिमा मुलुकमा परिवारका साथमा हुर्किरहेका नेपाली मूलका बालबालिकाहरुको धेरैजसो समय सहपाठीहरुसंगै बित्ने गर्दछ । बेफुर्सदी बुबा-आमाहरूले चाहेर पनि आफ्ना बालबालिकाहरूलाई नेपाली ज्ञान-दर्शन बाड्न कठिन अवस्थामा यस किसिमको निर्देशिकाको आवश्यकता झनै बढेको छ ।

यसका लागि हामीले प्रदान गर्ने पाठ्य सामग्रीहरुलाई व्यवस्थित र बालकेन्द्रित गराई प्रशिक्षण गर्न सकेको खण्डमा हामीले चाहेका सिकाई उपलव्धिहरु बालबालिकाहरूमा हस्तान्तरण गर्न सकिन्छ । जसका लागि योजनावध्द सिकाईको ढाँचा छनौट गर्नुपर्ने हुन्छ ।

दिगो र अर्थपूर्ण सिकाईका लागि सहयोगी प्रशिक्षण सामग्रीको रुपमा विभिन्न अनुभवहरूलाई संगालेर यो पाठ्यक्रमको ढाँचा निर्माण गरिएको हो । यसबाट प्रवासमा हुर्किरहेका हाम्रा बालबालिकाहरूलाई नेपाली नैतिक-ज्ञान र भाषा शिक्षण गराउन सहयोग मिल्ने आशा गरिएको छ । जसले बालबालिकाहरूलाई नेपाल र प्रवासको सामाजिक परिवेशसंग सामन्जस्यता स्थापित गराउन सहयोग पुग्नेछ । साथै यसले बालबालिकाहरुलाई पूर्वीय दर्शनका मुल्य र मान्यातामा आधारित ज्ञान-सीप हस्तान्तरण गर्न पनि कोसेढुङ्गाको काम गर्नेछ । यो ढाँचा मूलतः छ वर्षदेखि चौध वर्षसम्मका बालबालिकाहरूका लागि तयार गरिएको हो ।

**आधारभूत तहको नैतिक ज्ञान-दर्शन शिक्षाको उद्देश्य यसप्रकार रहनेछः**

- नेपाली मान्यतामा आधारित घरपरिवार र समाजका असल मूल्य मान्यताहरु ग्रहण गर्ने ( ढोग, ठूलालाई आदर, सानालाई स्नेह...),
- आदर, दया, माया, सहानुभूती र आपसमा सहयोग गर्ने भावनाको विकास गर्ने,
- आत्म-अनुसासित, इमान्दार र कर्तव्यनिष्ठ बन्न,
- आत्मा-सम्मान र आत्म-सन्तुष्ट (सधै आफुलाई खुशी र सुखी बनाउन) रहन र समयको सदुपयोग गर्ने,
- आपसमा मिलेर बस्न र बाँडेर खाने बानी विकास गर्ने,
- सही र गलत छुट्याई असल मार्ग समात्न,
- पूर्वीय दर्शनको कर्म, ज्ञान र भक्तिको मार्गलाई जीवनको दर्शन बनाउन ।

## सम्भावित सिकाई उपलब्धि (Expected Learning Achievements)

| क्षेत्र | विषयवस्तु | प्रशिक्षण प्रक्रिया | सामग्री | मूल्यांकन |
|---|---|---|---|---|
| **ईश्वरभक्ति र राष्ट्रभक्ति विकास** | **ईश्वर वन्दना, मन्त्र, राष्ट्रिय गान** | प्रत्येक दिनको कक्षा सुरु हुनु भन्दा पहिले सबैलाई शान्त भई हात जोडेर मनदेखि नै ईश्वरको भक्ति गर्न निम्नानुसारका क्रियाकलाप गर्ने: <br>• आफ्नो धर्म अनुसारका वन्दना र मन्त्रहरु, राष्ट्रियगान, देशभक्तिका गीतहरू आदि | नेपाली नैतिक ज्ञान-दर्शन सम्वन्धी किताव गुगल र यूट्यूवका सामग्रीहरु | लय मिलाएर गाएको अवलोकन गर्ने |
| **नियम निर्माण र परिपालना** | **बिधालय र घरमा पालना गर्नुपर्ने नियम र जिम्मेवारी वहनका लागि सपथ** | बिधालय र घरमा पालना गर्नुपर्ने नियमहरु बारे निम्नानुसारका क्रियाकलाप गर्ने: <br>• विधार्थीसंग छलफल गरी नियमहरुको चार्ट बनाउने र सबैले पालना गर्नुपर्ने दायित्ववोध गराउँदै कक्षामा र घरमा टाँस्ने र पालना गर्न निर्देशन दिने <br>• विधार्थीले पालना गर्ने नियमको सबैलाई हरेक दिन स्मरण गराउने | नेपाली नैतिक ज्ञान-दर्शन वा अन्य किताब <br><br>मेरो सपथ-ग्रहण चार्ट | क्रियाकलाप अवलोकन गर्ने र घरमा बनाएका नियमहरु पालना गरे नगरेको कक्षामा छलफल गर्ने |
| **आदर र सत्कार गर्ने बानीको विकास** | **• पाहुनाहरुको सत्कार गर्न <br>• आफ्ना गुरु, मान्यजनहरू साथीहरू प्रति आदर गर्न** | स्वागत सत्कार र आदरभाव सम्बन्धी निम्नानुसारका क्रियाकलाप गर्ने: • घर, परिवार, छिमेक र आफन्तहरुलाई कसरी माया स्वागत र अभिवादन गर्ने सम्बन्धी क्रियाकलाप | नेपाली नैतिक ज्ञान दर्शनका फोटो वा अन्य चित्र र अन्य सामग्री देखाएर | हरेक दिन नमस्ते, प्रणाम आदि क्रियाकलापको अवलोकन गरेर |

| क्षेत्र | विषयवस्तु | प्रशिक्षण प्रक्रिया | सामग्री | मूल्यांकन |
|---|---|---|---|---|
| **सहयोग र सेवा भावको विकास** | **असाहय, असक्तलाई सेवा गर्न र पाहुनाहरुलाई सत्कार गर्न । सबै प्रति धन्य हुन** | सहयोग र सेवाभाव विकास गराउन निम्नानुसारका क्रियाकलाप गर्ने:<br>• घर परिवार, विधालय र छरछिमेकमा गर्न सकिने सेवाको पहिचान र छलफल<br>•अतिथि देवो भवः भन्ने नेपाली भाव अनुसारको व्यवहार देखाउन | नेपाली नैतिक ज्ञान दर्शन वा अन्य किताब र पुराना लोक कथाहरु जस्तै (श्रवण कुमार, हाम्रा हजुरबा हजुरआमाका कथाहरु) | कक्षामा देखाउने व्यवहारको अवलोकन गर्ने, घरमा गर्ने सहयोगको परियोजना कार्य ।<br>कथा वाचन र कथाको सिकाई |
| **मानसिक शान्ति र मानसिक सन्तुलनको अभ्यास** | **वैयक्तिक रुपमा मानसिक शान्ति कायम राख्न** | मानसिक र वैयक्तिक शान्ति र सन्तुलनसम्बन्धी निम्नानुसारका क्रियाकलाप गर्ने:<br>• हरेक दिन कक्षाको सुरुमा चकटी, म्याट आदिमा बसाउने<br>• नमस्ते अभ्यास र ध्यान गराउने<br>• ॐ नमः शिवाय वा अन्य कुनै ध्यानको धुन बजाउने (एकाग्रताका लागि आमा, बुवा, हजुरबुबा-आमा, बुध्द, पहाड, हिमाल आदि सम्झन लगाउने) | • ध्यानको लागि धुन - ॐ माने ....<br>• ध्यानको लागि धुन - ॐ नमः शिवाय वा अन्य धुन र नमस्ते ध्यान अभ्यास | क्रियाकलाप अवलोकन गर्ने र एकाग्रता गरेको र यसको असर अवलोकन गर्ने |
| **परिश्रमी भावना विकास** | **मेहनती बन्ने प्रेरणाको विकास** | मेहनत गर्ने बारे निम्नानुसारका क्रियाकलाप गर्ने:<br>• परिश्रमको मार्ग बारे तिर्खाएको कागको कथा, हाम्रा पौराणिक कथाहरु चित्र सहित छलफल गर्ने । | नेपाली नैतिक ज्ञान दर्शनका नमूना कथा वा अन्य पञ्चतन्त्रका कथा | चित्र कथा छलफल र के सिकाई भयो ? छलफल गर्ने |

| क्षेत्र | विषयवस्तु | प्रशिक्षण प्रक्रिया | सामग्री | मूल्यांकन |
|---|---|---|---|---|
| **कर्मपथको सही मार्ग छनौट गर्न र सकारात्मक उत्प्रेरणाको विकास** | **कर्मयोगी बन्न र श्रमलाई आदर गर्न** | आफ्नो कर्मको सहि बाटो अवलम्बन गर्न गीता वा अन्य ज्ञान दिने पुस्तकबाट कर्मपथ बारे ज्ञान दिन निम्नानुसारका क्रियाकलाप गर्ने:<br>• कर्म गर फलको आशा नगर भन्ने बारे बास्केट बलको बाउन्स ब्याक सिध्दान्त (कर्म गर्ने क्रममा लडिन्छ तर हरेस खानुहुदैन भन्ने मान्यताका आधारमा गीताको भाव छलफल गर्ने)<br>• जीवनको मार्ग छनौट गर्ने बारे अर्जुन दृष्टिमाथि छलफल गर्ने<br>• अन्य धर्मका सकारात्मक कथा वा हजुरबुवा हजुरआमाका कथाहरु सुनाउने | नेपाली नैतीक ज्ञान दर्शन वा अन्य किताबबाट अर्नुनदृष्टि वा अन्य हाम्रा हजुरबा हजुरआमाका कथाहरु | चित्र छलफल, कथा वाचन र छलफल । उनीहरुमा आएको सकारात्मक सुधारको अवलोकन साथै कथाहरु सुनाउन लगाउने |
| **सधै खुसी रहन र समयको सुदुपयोग गर्न** | **•आफु खुशी रहन र आफ्नो परिवार साथीहरुलाई खुसी पार्न**<br>**•समयको सदुपयोग गर्ने**<br>**•साईबर र ईलेट्रो फोबियाबाट बच्न** | आफु खुसी रहन र समयको सुपयोग गर्ने बारे निम्नानुसारका क्रियाकलाप गर्ने:<br>• घरमा र बिधालयमा हामीले तयार गरेका नियमहरुको पालना गराएर,<br>• समयको दुरुपयोग बाट हुने नोक्सानी बारे कथाहरु सुनाएर<br>• ईलेक्टोफोबियाबाट बच्न समयसारिणीको पालना र ध्यान गर्ने बानी विकास गराएर<br>• स-साना परियोजना कार्य दिने जस्तै दैनिक समय तालिका निर्माण र पालना | आफुले बनाएका नियमहरुको चार्ट ध्यान गर्ने भिडियोहरु OLE Nepal को ईपुस्तकालयको साईबर बालकथा र अन्य कथाहरु | क्रियाकलाप अवलोकन र नियमहरु पालना गरे नगरेको कक्षामा छलफल गर्ने गराउने |

| क्षेत्र | विषयवस्तु | प्रशिक्षण प्रक्रिया | सामग्री | मूल्यांकन |
|---|---|---|---|---|
| **कर्तव्य र उत्तर-दातित्व बोध** | **•वैयक्तिक दायित्व**<br>**•सामुहिक दायित्व**<br>**•सामुदायिक नियम कानूनको परिपालना** | उत्तरदायित्व बोध गराउन निम्नानुसारका क्रियाकलाप गर्ने:<br>• घर परिवार, बिधालय र छरछिमेकमा गर्न सकिने सहयोग बारे छलफल र सहभागिता<br>• मन्दिर आदि सार्वजनिक ठाउँमा सहभागी गराई पालना गर्नु पर्ने नियमबारे छलफल गर्ने र स-साना परियोजना दिने | नेपाली नैतिक ज्ञान-दर्शन वा अन्य किताब र अन्य सामग्री र चित्रहरु | कक्षामा देखाउने व्यवहारको अवलोकन, दायित्वबोध परियोजना कार्य । |
| **ईमान्दारिता** | **निस्पक्षता**<br>**सत्यवादी र ईमान्दारिता**<br>**भरोसायोग्य व्यवहार बिकास** | निस्पक्षता र ईमान्दारितासम्बन्धी निम्नानुसारका क्रियाकलाप गर्ने:<br>• दाउरे र बन्चरेको कथा, सत्यवादी राजा हरिशचन्द्र आदि सुनाउने<br>• हाम्रा हजुरबा हजुरआमाका पुराना कथा | बिभिन्न चित्रकथा संकलन (सत्यवादी राजा हरिशचन्द्र) | कथा वाचन र छलफल परियोजना कार्य |
| **ज्ञान र भक्तिको मार्ग** | **मान्यजन प्रतिको भक्तिभाव र आफ्नो पहिचान** | यस सम्बन्धी निम्नानुसारका क्रियाकलाप गर्ने:<br>• मेरो संस्कार के हो र मेरो भक्तिको मार्ग (गुरु, ठूलाबडा र अतिथि पुजन) र हाम्रो ज्ञानको जननी बारे छलफल (जस्तै गीता, वेद वा आफ्नो धर्मग्रन्थ) | नेपाली नैतिक ज्ञान-दर्शन वा अन्य किताब | चित्र छलफल, प्रश्न छलफल र परियोजना कार्य |
| **माया ममता र स्नेहको भावना** | **माया ममता र स्नेहको भाव विकास** | व्यक्तिकत र सामूहिक रुपमा माया र स्नेह भाव जगाउने निम्नानुसारका क्रियाकलाप गर्ने:<br>•गौतम बुध्द वा अरुको जीवनी<br>•समाजमा साना, ठूला र असक्त प्रतिको ममता र दायित्वका कथाहरु | नेपाली नैतीक ज्ञान दर्शनको जीवनी चित्र वा अन्य सामग्री | जीवनी चित्र छलफल र सिकाई छलफल |

NON-RESIDENT NEPALI ASSOCIATION
NATIONAL COORDINATION COUNCIL, USA

# नेपाली भाषा

## आधारभूत तह

NRNA
NCC-USA
Non-Resident Nepali Association

# एनआरएनए, अमेरिका

# नेपाली पाठशाला, समिति

# नेपाली भाषा शिक्षा

## आधारभूत तहको पाठ्यक्रम ढाँचा (६ देखि १४ बर्ष )

प्रवासमा हुर्कीरहेका बालबालिकाहरूको लागि नेपाली भाषा प्रशिक्षण ज्यादै चुनौतिपुर्ण रहन गएकोछ । बुबा-आमाको कार्यब्यस्तता र साथी संगती एवम् पाठशालामा प्रयोग हुने भाषाका कारण बालबालिकाहरूमा भाषागत समस्या रहन गएको देखिन्छ । हामीले यी वालबालिकाबाट धेरै ठुलो अपेक्षा गर्नु भन्दा पनि साधारण नेपालीमा भनेका कुरा सुनेर बुझ्न, लेख्न, पढ्न र बताउन सक्ने भए पनि ठूलो उपलब्धीको रुपमा लिनु पर्छ । यिनै भाषागत सीप सिकाउन यो पाठ्यक्रम ढाँचाको मूल लक्ष्य भएता पनि भाषागत दक्षताका क्रममा उनीहरूलाई नेपाली पहिचान, धर्म-संस्कृती, चाडवाड, चालचलन र भौगोलिक तथा सामाजिक परिवेश बारे आधारभूत जानकारी गराउनु यसको सहायक लक्ष्य हो ।

**आधारभूत तहको भाषा शिक्षणका उद्देश्यहरू यस प्रकार रहनेछः**

नेपाली भाषा सम्बन्धी सीपहरु हाँसिल गर्न बालबालिकाहरूले हरेक बर्ष क्रमश भाषागत दक्षता हाँसिल गर्दै जानेछन । यस तहको भाषागत सीप विकासमा यो पाठ्यक्रमको ढाँचाबाट निम्नानुसारका सीपहरू हासिल गर्न सकिनेछ ।

- नेपाली सग्ला अक्षरहरु चिन्न लेख्न र पढ्न (क देखि ज्ञ सम्म),
- नेपाली अंकहरु चिन्न लेख्न र पढ्न ( १ देखि १०० सम्म),
- नेपाली बाह्रखरी लेख्न र पढ्न,
- नेपाली बोलीचालीका शब्दहरु सुनेर बताउन, लेख्न र पढ्न (जस्तैः नातागोता, घरमा प्रयोग हुने सामान, लुगाकपडा आदी,)
- नेपाली चाडपर्ब र संस्कृतीसंग सम्बन्धित शब्दहरु लेख्न र पढ्न (जस्तैः दशै, तिहार, जमारा, टीका, छट, गाइजात्रा),
- धार्मीक, पर्यटकीय र ऐतिहाँसिक स्थानसंग सम्बन्धित शब्दहरु पढ्न र लेख्न ,
- नेपाली स-साना बाल कबिताहरु लय मिलार पढ्न र लेख्न ।

शिक्षण सिकाईलाई ब्यवस्थित र बालकेन्द्रित गराई प्रशिक्षण गर्नेको लागि नेपाली भाषा शिक्षणमा सुनाइ, बोलाई, पढाई र लेखाई सीपहरु क्रमश सिकाउनु पर्दछ । यसै क्रममा यस तहका बालबालिकाले निम्नानुसारका सीपहरु सिक्नेछन ।

क) सुनाई सीप

- बिस्तारै नेपालीमा बताइएका निर्देशन सुनेर पालना गर्न
- चित्र छलफल, बर्णनको आशय बुझी प्रतिक्रिया देखाउन
- नेपाली बालगीत र वालकविता सुनेर आनन्दित हुन

ख) बोलाई सीप

- नेपाली अक्षरको उच्चारण गर्न
- सजिला नेपाली शब्दहरुको उच्चारण गर्न
- स-साना बाक्यहरु सुनेर बताउन
- साथीहरुसंग छलफल गरी नेपालीमा बिस्तारै कुरा गर्न

ग) पढाई सीप

- नेपाली अक्षरहरुको सही उच्चारण गरी पढेर सुनाउन
- स-साना शब्दहरु पढेर सुनाउन
- स-साना बाक्यहरु पढेर सुनाउन

घ) लेखाई सीप

- मिलाएर नेपाली अक्षरहरु लेख्न
- सुनेको भरमा स-साना शब्द लेख्न
- नेपालीमा आफ्नो नाम, परिचय, परिवारको नाम, घरपरिवारमा उपयोगहुने सामानहरू, नेपालका प्रमुख ठाउँ आदिको नाम लेख्न

## सम्भावित सिकाई उपलब्धि (Expected Learning Achievements)

| क्षेत्र | विषयवस्तु | प्रशिक्षण प्रक्रिया | सामग्री | मूल्यांकन |
|---|---|---|---|---|
| **सुनाई** | क) सजिला शब्दहरु सुनेर पालना गर्न<br>ख)बर्णमालाका अक्षरहरु सुनेर देखाउन<br>ग) सजिला शब्दहरुको प्रयोग गरी नेपालीमा कुराकानी गर्न<br>घ) सजिला बालगीत र कबिता सुनाउन | सुनाइ सीपका लगि निम्नानुसारका क्रियाकलाप गर्ने:<br>• शिक्षकले वालबालिकालाई यता आऊ, बस, उठ, हिड  आदि जास्ता उ्च्चारण पालन गर्न लगाउने<br>• स्वर र व्यन्जन अक्षर सुनाएर कालोपाटीमा अक्षर चिन्न लगाउने<br>• साथीहरुले भनेका शब्दहरु सुनेर नेपालीमा जवाफ दिनलगाउने<br>• नेपालीमा सजिला वालगीत, कथा, कविताहरु सुनेर बताउन लगाउने | नेपाली अक्षर माला वा अन्य नेपाली कितावको उपयोग गरी अभ्यास गराउने, अक्षरपती, शब्दपत्ती र बाक्यपती तयार गर्ने;<br>स-साना खेलहरु खेलाउने | प्रश्नोत्तर, चित्र छलफल, निर्देशनको पालनाको जस्ता क्रियाकलाप अबलोकन गर्ने |
| **बोलाई** | क)बर्णमालाका अक्षरहरु उच्चारण गर्न<br>ख) शिष्टाचार, नातागोता, सामानहरु आदि शब्दहरु बताउन<br>ग) सामान्य कुराकानी, बालगीत, कथा सुनाउन । | बोलाई सीप बिकास गर्न निम्नानुसारका क्रियाकलाप गर्ने:<br>• स्वर र ब्यन्जन वर्णको उच्चारण गराउने र अप्ठ्यारा अक्षरहरु त, ट, न, ङ म र जोडिएका अक्षरको धेरै अभ्यास गराउने ।<br>• नमस्ते, ढोग, परिचय र नेपाल चिनारी, चाडपर्व,स्थानसंग सम्बन्धित शब्दहरु छलफल र खेलका माध्यमवाट अभ्यास गराउने | नेपाली अक्षर माला वा अन्य कितावको उपयोग गरी अक्षरपती, शब्दपत्ती र बाक्यपती तयार गर्ने;<br>स-साना खेलहरु खेलाउने | प्रश्नोत्तर चित्र, छलफल, निर्देशनको पालनाको जस्ता क्रियाकलाप अबलोकन गर्ने |

| क्षेत्र | विषयवस्तु | प्रशिक्षण प्रक्रिया | सामग्री | मूल्यांकन |
|---|---|---|---|---|
| **पढाई** | क) स्वर र ब्यन्जन वर्ण पढ्न<br>ख) सरल शब्द पढ्न<br>ग) सरल बाक्य पढ्न<br>घ) सरल बालगीत, कथा र गीत पढ्न | पढाई सीप बिकासका लागी निम्नानुसारका क्रियाकलाप गर्ने:<br>• बर्णमालाका सजिला अक्षर र शब्दहरु पढ्न लगाउने<br>• चित्रहरु देखाई नाम लेखेर पढ्न लगाउने<br>•जोडिएका शब्दहरु र चित्र जस्तै झण्डा..देखाई पढ्न लगाउने<br>•बिभिन्न कर्ता, क्रिया, कर्म भएका शब्दपत्ती बनाई पढ्न लगाउने ( म घर जान्छु )<br>•चित्र कथा, बालगीत पढ्न र बर्णन गर्न लगाउने | नेपाली अक्षर माला वा अन्य कितावको उपयोग गरी अभ्यास गराउने, अक्षरपती, शब्दपत्ती र बाक्यपती तयार गर्ने; स-साना खेलहरु खेलाउने | प्रश्नोत्तर चित्र, छलफल, निर्देशनको पालनाको जस्ता क्रियाकलाप अबलोकन गर्ने |
| **लेखाई** | क) चित्र देखाई नाम लेख्न<br>ख) सजिला शब्द लेख्न<br>ग) सरल शब्द र बाक्य<br>घ) सरल शब्द र बाक्यको श्रुति लेखन र पुर्ण बिराम चिन्हको प्रयोग गर्न | लेखाई सीपबिकासका लागि निम्नानुसारका क्रियाकलाप गर्ने:<br>• सफासंग अक्षर लेख्न लगाउने<br>• आकार, इकार....अक्षर अभ्यास गराउने,<br>• नेपाली अक्षरमाला कितावका अक्षर, शब्द अभ्यास गर्ने,<br>• शिक्षकले सजिला श्रुतिलेख र सुलेख, गीत, कथाको लेखाई अभ्यासका साथै मात्रा चिन्ह अभ्यास गर्ने | नेपाली अक्षरमाला वा अन्य कितावको उपयोग गरी अभ्यास गराउने | सफासंग लेखेको हेरेर, शब्द र बाक्यहरुको अवलोकन गरेर |

## नैतिक तथा नेपाली भाषा शिक्षणको साप्ताहिक सिकाई उपलब्धि

| साप्ताह | विषयवस्तु | प्रशिक्षण प्रक्रिया |
|---|---|---|
| एक - दुई | **नेपाली नैतिक ज्ञानः**<br>ईश्वरभक्ति, देशभक्ति, आत्मा नियम, कक्षाको सपथ, मानसिक शान्तिका क्रियाकलाप<br>**नेपाली भाषा**<br>नेपाली सग्ला अक्षर क देखि ङ | बन्दनाहरु र मन्त्रहरु, राष्ट्रियगान, देशभक्तिका गीतहरु अभ्यास गर्ने र ध्यान गर्ने, आत्मा नियम (चित्रात्मक) बनाउने र पालना गर्ने शपथ तयार गर्ने<br>क देखि ङ सम्मका अक्षर र शब्दहरुको चिनारी तथा अभ्यास (सुनाई, बोलाई, पढाई, लेखाई) |
| तीन-चार | **नेपाली नैतिक ज्ञानः**<br>आदर सत्कार गर्ने बानी र सहयोग सेवा भावको विकाश<br>**नेपाली भाषा**<br>नेपाली सग्ला अक्षर च देखि ञ | स्वागत सत्कार र आदरभाव सम्बन्धी घर, परिवार, छिमेक र आफन्तहरुलाई कसरी माया, स्वागत र अभिवादन गर्ने सम्बन्धि क्रियाकलाप र अतिथी देबो भवः भन्ने नेपाली भाव अनुसारण सम्बन्धि क्रियाकलाप<br>च देखि ञ सम्मका अक्षर र शब्दहरुको चिनारी तथा अभ्यास (सुनाई, बोलाई, पढाई, लेखाई) |
| पाँच-छ | **नेपाली नैतिक ज्ञानः**<br>परिश्रमी भावना बिकास, कर्मपथको सही मार्ग छनौट गर्न सकारात्मक उत्प्रेरणाको बिकाश<br>**नेपाली भाषा**<br>नेपाली सग्ला अक्षर ट देखि ण | मेहनत गर्ने र आफ्नो कर्मको सही बाटो अबलम्बन गर्न गीताको भाव अनुसारको वा अन्य धर्मले देखाउने कर्मपथ बारे ज्ञान दिने क्रियाकलाप गराउने<br>ट देखि ण सम्मका अक्षर र शब्दहरुको चिनारी तथा अभ्यास (सुनाई, बोलाई, पढाई, लेखाई) |
| सात-आठ | **नेपाली नैतिक ज्ञानः**<br>खुशी रहने र समयको सुदुपयोग<br>**नेपाली भाषा**<br>नेपाली सग्ला अक्षर त देखि न | पालन गर्नुपर्नै दैनिक नियमहरुको तयारी र पालना गर्ने क्रियाकलाप (नियमसंग सम्बन्धित फोटो संकलन, छलफल)<br>त देखि न सम्मका अक्षर र शब्दहरुको चिनारी तथा अभ्यास (सुनाई, बोलाई, पढाई, लेखाई) |

| सप्ताह | विषयवस्तु | प्रशिक्षण प्रक्रिया |
|---|---|---|
| नौ - दश | **नेपाली नैतिक ज्ञानः**<br>कर्तब्य र उत्तरदातित्व बोध<br><br>**नेपाली भाषा**<br>नेपाली सग्ला अक्षर प देखि म | घर परिवार, बिधालय, छरछिमेक, मन्दिर आदि सार्वजिक ठाउँमा गर्न सकिने सहयोग बारे छलफल र परियोजना कार्य<br><br>प देखि म सम्मका अक्षर र शब्दहरुको चिनारी तथा अभ्यास (सुनाई, बोलाई, पढाई, लेखाई) |
| एघार-बाह्र | **नेपाली नैतिक ज्ञानः**<br>निश्पक्षता सत्यवादी र ईमान्दारिता भरोसायोग्य ब्यबहार<br><br>**नेपाली भाषा**<br>नेपाली सग्ला अक्षर य देखि श | निश्पक्षता र ईमान्दारिता सम्बन्धी जस्तै दाउरे र बन्चरेको चित्रात्मक कथा, राजा हरिश चन्द्रको कथा आदी<br><br>य देखि श सम्मका अक्षर र शब्दहरुको चिनारी तथा अभ्यास (सुनाई, बोलाई, पढाई, लेखाई) |
| तेह्र-चौध | **नेपाली नैतिक ज्ञानः**<br>ज्ञानको मार्ग छनौट गर्नः बुध्दत्व र गीता दर्शन<br><br>**नेपाली भाषा**<br>नेपाली सग्ला अक्षर ष देखि ज्ञ | गौतमबुध्द वा अन्यको जीवनी (चित्रात्मक) र गीताको अर्जुन दृष्टी (चित्रात्मक) कथा संकलन र छलफल<br><br>ष देखि ज्ञ सम्मका अक्षर र शब्दहरुको चिनारी तथा अभ्यास (सुनाई, बोलाई, पढाई, लेखाई) |
| पन्ध्र-सोह्र | **नेपाली नैतिक ज्ञानः**<br>भक्तिको मार्गः मान्यजन प्रतिगुरु को भक्तिभाव<br><br>**नेपाली भाषा**<br>नेपाली सग्ला अक्षर अ देखि ऐ | मेरो संस्कार के हो र मेरो भक्तिको मार्ग (गुरु, ठूलाबडा र अतिथी देबो भवः) संग सम्बन्धित क्रियाकलाप, चित्र संकलन र छलफल, संकलन परियोजना कार्य आदी<br><br>अ देखि ऐ सम्मका अक्षर र शब्दहरुको चिनारी तथा अभ्यास (सुनाई, बोलाई, पढाई, लेखाई) |

| सप्ताह | विषयवस्तु | प्रशिक्षण प्रक्रिया |
|---|---|---|
| **सत्र-अठार** | **नेपाली नैतिक ज्ञानः**<br>माया ममता र स्नेहको बिकास<br>नेपाली भाषा<br>नेपाली सग्ला अक्षर ओ देखि अः | ब्यक्तिगत र सामुहिक रुपमा माया र स्नेह भाव जगाउन जस्तै गौतम बुध्द दर्शन र जीवनी छलफल<br>ओ देखि अः सम्मका अक्षर र शब्दहरुको चिनारी तथा अभ्यास (सुनाई, बोलाई, पढाई, लेखाई) |
| **उन्नाईस-एक्काइस** | **नेपाली नैतिक ज्ञानः**<br>नेपाल चिनारीः मेरो नेपाली फुच्चे पासपोर्ट तयारी<br>**नेपाली भाषा**<br>बाह्रखरी अध्ययन | नेपाल घुम्न जाँदा जान्नु पर्ने कुरा समेटिको नेपाली पासपोर्ट तयारी गर्ने परियोजना कार्य ( अभिवादन, खाना, लुगा,... सरल नेपाली भाषामा लेख्ने अभ्यास)<br>बाह्रखरी अध्ययन र शब्द भण्डार बिकाश तथा अभ्यास (सुनाई, बोलाई, पढाई, लेखाई) |
| **बाईस-चौबिस** | **नेपाली नैतिक ज्ञानः**<br>नेपाली ईश्वरभक्ति, गुरुभक्तिका रचनाहरुको यूट्यूव भिडियो तयारी<br>**नेपाली भाषा**<br>बाह्रखरी अध्ययन र नेपाली अंक १-२० सम्मको ज्ञान | नेपाली वा संस्कृतका श्लोक, मन्त्र, भजन, लोक कथा (छोटा) सम्बन्धी यूट्यूव भिडियो तयार गर्ने परियोजना कार्यहरु<br>बाह्रखरी अध्ययन र शब्द भण्डार बिकास तथा अभ्यास (सुनाई, बोलाई, पढाई, लेखाई)<br>नेपाली अंक १-२० सम्मको अभ्यास |
| **पच्चिस-सत्ताईस** | **नेपाली नैतिक ज्ञानः**<br>गौतमबुध्दको मार्गबारे बर्णन<br>**नेपाली भाषा**<br>बाह्रखरी अध्ययन र नेपाली अंक २१-५० सम्मको ज्ञान | गौतमबुध्दको मार्ग वा यस्तै चित्र बर्णन सहितका आदर्श ज्ञान, भक्तिको मार्गसंग सम्बन्धित परियोजना कार्यहरु<br>बाह्रखरी अध्ययन र शब्द भण्डार बिकास तथा अभ्यास (सुनाई, बोलाई, पढाई, लेखाई)<br>नेपाली अंक २१-५० सम्मको अभ्यास |
| **अट्ठाईस-एकतिस** | **नेपाली नैतिक ज्ञानः**<br>मेरो भविष्यको मार्ग<br>**नेपाली भाषा**<br>आधा अक्षर चिनारी<br>अंक ५१-१०० सम्मको ज्ञान | भविश्यको सपना के बन्ने छ कल्पना गरेर छोटो चित्र सहितको बर्णन गरेको परियोजना कार्य<br>नेपाली आधा अक्षर र जोडिएका नेपाली अक्षर चिनारी र अभ्यास (जस्तै- जा+न्+छ, - जान्छ,<br>नेपाली अंक ५१-१०० सम्मको अभ्यास |

## दैनिक योजनाको नमुना
## नैतिक ज्ञान तथा नेपाली भाषा शिक्षण

समय- २ घण्टा

क्रियाकलाप १ः- ( १० मिनेट)

- तपाईको धर्म अनुसारको बन्दनहरु
- नेपाली र अमेरीकन राष्ट्रिय गीत
- मेरो शपथ (शपथ लिने)

क्रियाकलाप २ः- ( १५ मिनेट)

- Themetic छलफल ( कुनै नेपाली चाडवाड परेको समय जस्तै दशैं तिहार, होली, शिवरात्री, बुध्दपुर्णिमा ईत्यादी वा कथा, जीवनी)
- आजको नैतिक ज्ञान (नमस्ते, ढोग..वा नैतीक पाठ )

क्रियाकलाप ३ः- ( १० मिनेट)

- ध्यानको समय (सुनेर, हेरेर, सुघेर, स्वाद, स्पर्श, आत्म-बोध गरेर)

क्रियाकलाप ४ः- ( १० मिनेट)

- हाम्रा पौराणिक कथाहरु (नेपाल फोन गरेर हजुरबा- हजुरआमाबाट सुनेका कथाहरु बालबालिकाबाट सुनाउने- कुनै दुई जनाबाट)
- कथाको सिकाई र सारांश

क्रियाकलाप ५ः- ( ६० मिनेट)

- मेरो अक्षर लेखन (क ख अभ्यास) र पढाई (नेपाली कथा, बालगीत)

क्रियाकलाप ६ः- ( १० मिनेट)

- गत हप्ताको परियोजना कार्य छलफल (कथा, कविता, लेख, रचन...)
- अर्को हप्ताको परियोजना बितरण

क्रियाकलाप ७ः- (१० मिनेट)  खाजा बितरण र सरसफाई

NON-RESIDENT NEPALI ASSOCIATION
NATIONAL COORDINATION COUNCIL, USA

प्रवासमा हुर्किरहेका बालबालिकाहरुलाई नेपाली भाषा, कला र संस्कृति हस्तान्तरण गर्ने काम आफैमा चुनौतीपूर्ण छ । बहुभाषिक कलिलो बाल मनस्थितीले नयाँ समाजसंग सामन्जस्यता कायम गर्नु भनेको झनै ठूलो मनो-सामाजिक दबाव हो । यस्तो परिस्थितिमा ति बालबालिकाहरुलाई नेपालीभाषा र संस्कृतिको ज्ञान गराउनका लागि संगठित पढाईको ढाँचा र सोही अनुसारको हाम्रो घरायसी वातावरण हुन जरुरी छ ।

प्रवासको बसाईसंगै बालबालिकाहरुको सिकाईलाई ध्यानमा राखेर यो सानो खाका पस्कने जमर्को गरिएकोछ । जसमा एनआरएन अमेरीकाले गठन गरेको नेपाली पाठशाला समितिले अमेरीकाका बिभिन्न राज्यमा संचालित नेपालीपाठशालाको स्थलगत अध्ययन र बिधार्थी अविभावक संगको छलफलको आधारमा तयार गरिएको हो । साथै यसका बिषयबस्तुहरुलाई निरन्तर सुधार सहित अगाडी बढाउने गरी यो आधारभूत तहको पाठ्यक्रमको प्रारुप तयार गरी तपाई समक्ष पस्केका छौ ।

यसको उपयोगबाट हामीले बालबालिकालाई के सिकाउने ? र कसरी सिकाउने ? भन्ने जानकारी दिनेछ भने शिक्षकलाई कक्षाकोठामा अध्यापन गराउन सहज हुनेछ । यो हाम्रो पहिलो प्रयास हो र यसमा सहयोग गर्ने सबैलाई धन्यवाद दिदै सवै शिक्षा प्रेमीहरुबाट आगामी दिनमा थप सुधारात्मक सुझावको आषा गरेकाछौ ।

NRNA
NCC-USA
Non-Resident Nepali Association